# रतुवामाई नगरपालिका
## Ratuwamai Municipality
## नगर कार्यपालिकाको कार्यालय
**Office Of The Municipal Executive**
सिजुवा, मोरङ, कोशी प्रदेश, नेपाल
Sijuwa, Morang, Koshi Province, Nepal

प.स.:२०८१/८२
च.न.

मिति २०८१/११/०१

**बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिने बारेको सूचना।**

रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७२ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम अगामी आर्थिक वर्ष २०८२/८३ मा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक १८ देखि ५९ वर्ष सम्मका बेरोजगार व्यक्तिहरुले २०८१ फागुन मसान्त भित्र आफु स्थायी बसोवास गरिरहेको रतुवामाई नगरपालिका भित्रको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढांचा वडा कार्यालयमा प्राप्त गर्न सकिने छ।

.............................................
निता सिग्देल
नि. प्रमुख प्रशासकीय अधिकृत

**आवश्यक कागजात र मापदण्डहरु :**

१. निवेदकको नागरिकता को फोटोकपी -१ प्रति।
२. निवेदकको हालै खिचेको पासपोर्ट साईजको फोटो -१ प्रति।
३. निवेदक सहित निज परिवारको सम्पूर्ण सदस्यहरुको नागरिकता वा जन्मदर्ता प्रमाण पत्र अनुसारको सहि र स्पष्ट विवरण नाम, नागरिकता नं., जन्म मिति, जारी जिल्ला, जारी मिति आदि पूर्ण विवरण ।
४. निवेदक सहित निजका परिवारहरुको सम्पूर्ण सदस्यहरुको रोजगारी अवस्था।
५. १८ वर्ष पूरा भई ५९ बर्ष न नाघेको।
६. अन्यत्रवाट बसाइसरी गरी आएमा बसाइसराईको प्रमाण पत्र।
७. सार्वजनिक विकास निर्माणका काममा संलग्न हुन इच्छुक रहेको।

नोट : म्याद नाघेका र रित नपुगेका निवेदन मान्य हुने छैन।